## (पाँचौ कक्षा - तेस्रोसो अध्याय – Class-5, CHAPTER-3) गन्धको दाम

**1. तलका शब्दहरूको अर्थ लेख –**

| शब्द | – | अर्थ | शब्द | – | अर्थ |
|---|---|---|---|---|---|
| तलब | – | वेतन | अभाव | – | कमी |
| धोका | – | आघात | आदत | – | बानी |
| ग्राहक | – | किन्ने मानिस | बित्था | – | बेकाम्मे |
| अन्याय | – | न्याय नहुनु | विवाद | - | तर्क |
| निर्णय | – | फैसला | स्रोता | – | सुन्ने मानिस |
| जिल्ल | – | अलपल्ल | | | |

**2.तलका प्रश्नहरूको उत्तर लेख –**

**क) जिते कहाँ काम गर्छ ?**

- जिते एउटा दोकानमा काम गर्छ।

**ख) किन उसलाई खान-लाउन धौ-धौ पर्छ?**

- उसले भनेजस्तो तलब पाउँदैन। यसकारण उसलाई खान-लाउन धौ-धौ पर्छ।

**ग) किन जिते मासु पकाउँदैन?**

- जितेसँग मासु किन्ने पैसा छैन अनि उसित मासु पकाउने कला पनि छैन। यसैकारण जितेले मासु पकाउँदैन।

**घ) जितेलाई कस्तो बानी बसेको छ?**

- जितेलाई होटलबाट आएको मासुको गन्धसित खाना खाने बानी बसेको छ।

**ङ) किन होटलमा मासु पकाइएन?**

- त्यस दिन बुद्ध जयन्ती भएको कारणले होटलमा मासु पकाइएको थिएन।

**च) होटल-मालिकले कसरी जितेलाई ठग्ने विचार गऱ्यो?**

- जितेको कुरा सुनेपछि होटल मालिकले मासुको गन्धको दाम तिर्नुपर्छ भनेर ठग्ने विचार गऱ्यो।

**छ) अदालतमा न्यायाधीशले कस्तो फैसला सुनाए?**

- अदालतमा दुवैको कुरा सुनेपछि न्यायाधीशले होटल मालिकलाई जितेले तीनसय रूपियाँ जरिमाना तिर्नुपर्ने फैसला सुनाए।

**ज) जितेले जरिमानामा के कस्तो रूपियाँ ल्याउनुपर्छ भनि फैसला सुनाइयो?**

- जितेले जरिमानामा तीन सय रूपियाँ नोटमा होइन तर एक रूपियाँको सिक्काको रूपमा ल्याउनुपर्छ भनि फैसला सुनाइयो।

**झ) जितेको कन्तूरमा कति रूपियाँ थियो?**

- जितेको कन्तूरमा दुईसय पचास रूपियाँ मात्र थियो।

**ञ) होटल-मालिक जिल्ल पर्नुको कारण के थियो?**

अदालतमा जितेले होटल मालिकको अघि तीनसय रूपियाँ  गन्ती गरे। उक्त पैसा गनिसकेपछि न्यायधीशले होटल मालिकलाई पैसा गनेको सुन्यौँ भनेर सोधे। त्यसपछि होटल मालिकले सुने भनेपछि न्यायधीशले मासुको गन्धको दाम तिमीले पायौ त्यै पैसा गनेको आवाज लिएर जाऊ भन्ने आदेश दिएपछि होटल मालिक जिल्ल परे।

## 3. हिज्जे शुद्ध गरेर लेख –

| अशुद्ध – | शुद्ध |
|---|---|
| पइसा – | पैसा |
| जादा – | जाँदा |
| चटुर – | चतुर |
| बुध्द – | बुद्ध |
| निर्नय – | निर्णय |
| भोली – | भोलि |
| शिकका – | सिक्का |

## 4. उल्टो शब्द लेख –

न्याय – अन्याय
सुखी – दु:खी
निर्दयी – दयालु
निराशा – आशा
पछाडि – अघाडी

## 5. जोडा मिलाऊ –

| | |
|---|---|
| i) जिते | सीधा-सोझा |

| | |
|---|---|
| ii) होटल मालिक | चतुर |
| iii) होटल | मासु-भात |
| iv) जरिमाना | तीनसय रूपियाँ |
| v) मालिक | दयालु |

## गृह कार्य – Home Work

### 1. तलका शब्दहरू प्रयोग गरेर वाक्य बनाऊ –

**काम** –

**बानी** –

**मासु** –

**दयालु** –

**आदेश** –